# यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ

## काठमाडौं अवधारणा पत्र, (अगस्ट २०१२)

## १. पृष्ठभूमिः

सन् २००८ सेप्टेम्बर ३ देखि ४ सम्म दक्षिण एसियाली साझेदारी निर्माणका लागि काठ्माण्डौमा एक भेला बोलाइयो । सहभागीहरु निम्न आधारमा छानिएः– १) यस क्षेत्रका सकेसम्म धेरै देशहरुको प्रतिनिधित्व हुने २) मूख्य गरी महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी, र तेश्रो लिङ्गीहरुका अधिकारको क्षेत्रमा काम गर्ने संगठनहरुको प्रतिनिधित्व हुने । लैङ्गिक पहिचान तथा यौनिक झुकावमा विविधता भएका व्यक्तिहरुको व्यक्तिगत सहभागीहरुलाई पनि खोजियो ।

यो बैठकमा नेपाल, भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकामा यौनिक झुकाव र/वा लैङ्गिक पहिचानका कारण सीमान्तकृत व्यक्तिहरुको मुद्दामा काम गर्ने सबै (उदाहरणका लागि हिजडा, जनाना, कोथी, नाची, मेटी, किन्नर, समलिङ्गी, महिला समलिङ्गी, पुरुष समालिङ्गी, द्विलिङ्गी, तेश्रो लिङ्गी, अन्तरलिङ्गी र यस क्षेत्रमा रहेका अन्य विविधताहरु, जसलाई यस पछि “एलजिविटिआइ” अर्थात् “यौनिक तथा लैङ्गिक अल्पसंख्यक” भनिने छ) सहभागीहरुको उपस्थिति थियो । यो बैठक एलजिविटि अधिकारमा काम गर्ने नर्वेली संगठन एलएलएच को सुरुवाती आर्थिक सहयोग र समर्थनमा तथा नील हिरा समाज नेपालको व्यवस्थापनमा संभव भएको थियो ।

यो बैठकको एक मूख्य प्रतिफल भनेको यस क्षेत्रमा एलजिविटि व्यक्तिहरुको मानवअधिकार सवलीकरण गर्ने एक मानवअधिकार आयोगको स्थापनार्थ सुझावहरु रहेका थिए । उक्त प्रस्तावित आयोगको नाम अस्थायी रुपमा यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानव अधिकार आयोग SouthAsiaHumanRightsAssociationofMarginalizedSexualitiesandGenders-SAHRCMSG, राखियो । यसपछि छोटकरीमा SAHRA उल्लेख गरियो ।

सहभागी ५ राष्ट्रहरुको प्रतिनिधित्व हुने गरी निरन्तरता दिने प्रक्रियालाई सहज पार्न स्वेच्छिक रुपमा एक कार्यदल गठन गरियो । यो बैठकले लैङ्गिक सन्तुलन प्रदान गर्न र आकारका कारण भारतलाई

दोव्वर प्रतिनिधि प्रदान गर्ने निर्णय गऱ्यो । यस अन्तरिम अवधीमा यो कार्य दलमा थप स्वयं सेवकहरुलाई आमन्त्रित गरेर लैङ्गिक सन्तुलन बनाउने प्रयत्नहरु गरिए ।

सन् २००८ अगस्तको बैठक पछि सहभागीहरुले आ-आफ्ना देशहरुमा यस्तो आयोग स्थापनाको आवश्यकता, सान्दर्भिकता र उदेश्यहरुलाई लिएर देशव्यापी छलफलहरु चलाए । सन् २००९ अप्रिल ७ देखि ८ सम्म कार्यदलका सदस्यहरुको निरन्तरता बैठक फेरी काठमाण्डौमा बस्यो । यो बैठकबाट एक अवधारणा ल्याइयो र पछि यसलाई अझ विस्तार रुपले एलजिजिटी अधिकारकर्मीहरु बीच राष्ट्रिय स्तरमा वितरण गरियो । राष्ट्रिय स्तरमा सम्पन्न परामर्श बैठकहरुबाट प्राप्त सुझावहरु माथि अगस्त १९ देखि २० सम्म काठमाण्डौमा सम्पन्न भएको पछिल्लो बैठकमा पुनः छलफल गरियो उक्त अवधारण पत्रमा उठाइएका सरोकारका विषयहरुलाई समावेश गरी परिस्कृत गरियो । यस अवधारणा पत्रलाई विभिन्न समय सन् २०१० अप्रिल १८ देखि २० कोलम्बो, श्रीलङ्का, सन् २०११ अप्रिल ०७ देखि ०८ ढाका, बंगलादेश, सन् २०११ अगस्ट ०४ देखि ०५ धुलिखेल, नेपाल, सन् २०१२ फेब्रिबरी १३ देखि १४ गोदावरी, नेपाल र सन् २०१२ अगस्ट २४ देखि २६ काठमाडौं, नेपाल मा सम्पन्न कार्य दलका सदस्यहरुको बैठकमा पटक पटक परिमार्जन गरियो ।

साहरा हाल महत्वपूर्ण घडीबाट गुज्रिरहेको छ । दक्षिण ऐशियाका समुदाय, संगठन र व्यक्तिहरु (र बाहिर) साहरालाई धेरै प्रत्याशा र अपेक्षाका साथ हेरीरहेका छन् । तर साहराको एउटा छुट्टै कानूनी एकाइका रुपमा गर्नु पर्ने दर्ता प्रकृया कानूनी औपचारिकताका कारण रोकिएको छ । त्यो प्रत्याशा र आशालाई नगुमाउनका लागि साहराले आफ्नो काम सुरु गर्नुपर्छ जुन महत्वपूर्ण पनि रहेको छ । त्यसैले सहभागी राष्ट्रका कार्य दलका सदस्यहरु सम्बन्धित देशको कार्य योजना अनुरुप ठोस काम सुरु गर्न कटिबद्ध रहेका छन् । साथसाथै यो प्रयास साहरा औपचारिक रुपले दर्ता नहुन्जेल सम्म जारी रहने छ ।

## २. प्रस्तावना

### २.१. परिकल्पना

यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) व्यक्तिका यौनिक झुकाव र लैङ्गिक पहिचान तथा अभिव्यक्तिहरु जे सुकै भए तापनि सबै व्यक्तिहरुमा प्रतिष्ठा, सुरक्षा, समान अवसर र स्वतन्त्रताका अधिकार अन्तर्निहित हुन्छन् भन्नेमा विश्वास गर्दछ । यसले एक यस्तो विश्वको परिकल्पना गर्दछ जहाँ यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुले जाकार्ता सिद्धान्तमा अभिव्यक्त भएका र मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा प्रत्याभुत मानवअधिकारहरु उपभोग गर्न पाउँछन् ।

## २.२. गन्तव्यः

२.२.१ दक्षिण एसियाली क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको अधिकार अभिबृद्धिका लागि काम गर्ने संगठन, वकालतकर्ता र अभियनको असर र प्रभावलाई सवलीकरण गर्दै र राज्यलाई ती अधिकारहरु प्रति जवाफदेही बनाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरु तथा तिनका रक्षकहरुको मानवअधिकार संरक्षण, संवर्द्धन र परिपूर्ति गर्नु यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघको गन्तव्य हो ।

२.२.२ यो संघले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दाहरु मानवअधिकार र सामाजिक न्यायको अभिन्न अंग हो भन्ने सुनिश्चित गर्न दक्षिण एसियामा क्षेत्रिय, राष्ट्रिय र स्थानिय तहमा काम गर्नेछ ।

२.२.३ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका मानवअधिकर उल्लंघनहरुको दस्तावेजीकरण गर्नु, मानवअधिकारको मान्यता, संरक्षण र संबर्द्धन अभिबृद्धि गर्न आवश्यक सबै क्रियाकलापहरुमा सशक्तरुपमा वकालत गर्नु यो आयोगको कार्यादेश हुनेछ ।

२.२.४ यसको कार्यक्षेत्र र कार्यादेशको पूर्ण बोध जाकार्ता सिद्धान्तहरुबाट निर्देशित हुनेछ । यस सिद्धान्तका परिचय खण्ड निम्न रहेको छः-

व्यक्तिका वास्तविक वा अनुसरित यौनिक झुकाव वा लैङ्गिक पहिचानका कारण उनीहरु प्रति लक्षित मानवअधिकार उल्लंघनहरुमा एक विश्वव्यापी र गम्भीर चासो जागेको छ । ती उल्लंघनहरुमा गैर न्यायिक हत्या, यातना तथा दुर्व्यवहार, यौन आक्रमण र वलात्कार, गोपनियता माथि अतिक्रमण, स्वेच्छाचारी थुना, रोजगारी र शैक्षिक अवशरबाट इन्कारी, र अन्य मानवअधिकारहरुको उपभोगमा गम्भीर भेदभाव पर्दछन् । यी उल्लंघनहरुमा अन्य स्वरुपहरु

जस्तो जाति, उमेर, धर्म, अपाङ्गता, वा आर्थिक, सामाजिक वा अन्य आधारमा हुने हिंसा, घृणा, भेदभाव र बहिष्करणले हुने हिंसा पनि प्रायः संयोजित हुन्छन् ।

## २.३ निर्देशानात्मक सिद्धान्तहरुः

२.३.१ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) को काम यौनिक झुकाव, लैङ्गिक पहिचान तथा अभिव्यक्ति, लिङ्ग, धर्म, उमेर, क्षमता, जातियता, भाषा, राष्ट्रियता, जात, वर्ग, एचआइभि स्थिति, पेशा, वा अन्य कुराका आधारमा भेदभाव नगरी सबै व्यक्तिहरुलाई सारभुत समानता र मानवअधिकारको सिद्धान्तहरुका आधारमा निर्माण गरिने छ ।

२.३.२ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) संयुक्त आवाज, शक्ति र प्रभाव निर्माणका लागि दक्षिण एसियामा अन्य सामाजिक अभियानहरु संगको संयोजनमा काम गर्न कटिबद्ध हुनेछ ।

२.३.३ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) को काम यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा संगठनहरुले यस क्षेत्रमा उठाएका मुद्दा र सरोकारका विषयहरुद्धारा परिभाषित हुनेछन् ।

२.३.४ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) ले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरु र तिनका रक्षकहरुहरुको गोपनियता, गोपनियताको अधिकार र छदम नाम को अधिकारको सम्मान गर्नेछ ।

२.३.५ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) ले पारदर्शिता, जवाफदेहिता र निष्ठाका सिद्धान्तहरुको आधारमा काम गर्नेछ ।

२.३.६ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार आयासंघ (SAHRA) कुनै सरकार, राजनीतिक दल, संगठित स्वार्थ वा धार्मिक संस्थाहरुबाट स्वतन्त्र रही काम गर्नेछ ।

## ३) प्रस्तावित कार्यः

३.१ यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको मानवअधिकार उल्लंघनका सम्बन्धमा यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) को दायरा अर्थात् संगठन जाकार्ता सिद्धान्तहरुमा आधारित हुनेछ ।

३.२ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) स्थानिय संगठनहरुको आवश्यकताहरु संयोजन गरी काम गर्नेछ । यसले स्थानिय क्रियाकलापहरुलाई प्रतिस्थापन गर्ने छैन ।

३.३ यौनिक तथा लैङ्गिक रुपमा सीमान्तकृतहरुको दक्षिण एसियाली मानवअधिकार संघ (SAHRA) ले गर्ने कामहरुमा निम्न कुराहरु समेटिने छन्ः–

- राज्य, गैर राज्य र व्यक्तिहरुबाट भएका मानवअधिकार उल्लंघनहरुको दस्तावेजीकरण । यस्ता दस्तावेजीकरणमा यस क्षेत्रमा भएका प्रगति र उपलब्धीहरु पनि समेटिने छन् ।
- राष्ट्रिय तथा क्षेत्रिय स्तरमा रहेका मानवअधिकार संघहरु संग काम गर्ने ।
- राज्य, सदस्य संगठनहरु र अन्य सरोकारवालाहरु संग वकालत गर्ने ।
- दक्षिण एसियाली क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका मुद्दाहरुमा गरेका कामको नक्सांकन गर्ने ।
- मानवअधिकार उल्लंघनहरुको दस्तावेजीकरण र त्यसको सम्वोधनका सम्बन्धमा सदस्य संगठन र समुहहरुको क्षमता विकास ।

३.४ दस्तावेजीकरण गर्न सक्षम नभएका सदस्यहरुलाई यस संघले यस्तो प्रक्रियाहरु र थालनीका लागि सक्षम बनाउने ।

३.५ मानवअधिकार उल्लंघनमा संघको सम्बोधनहरुमा कानुनी सहायता, परामर्श, प्रहरी र राज्यका अन्य निकायहरु संग मिली काम गर्ने, सूचना जारी गर्ने, सचेत गराउने कार्य र अन्य आवश्यक कार्यहरु हुन सक्नेछन् । यी सम्बोधनहरु सम्बन्धित राष्ट्रहरुमा रहेका स्थानिय संगठनहरु संग समन्वय गरी गरिने छन् ।

# ४) प्रस्तावित संरचना

## ४.१ सदस्यता

४.१.१ दक्षिण एसियाका सबै संगठन र व्यक्तिहरु जो आफुलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हो भनेर पहिचान गर्छन, वा दक्षिण एसियामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दामा काम गर्नेहरु वा दुवै जो यस संघको परिकल्पना, लक्ष्य र उदेश्यहरुसंग सहमत हुन्छन् उनीहरु मताधिकार सहितको सदस्य हुन सक्दछन् ।

४.१.२ कुनै पनि सदस्यको निति वा/र गतिविधीहरु साहराको परिकल्पना, गन्तव्य र लक्ष्य अनुरुप प्रतिकुल नभएमा त्यस्ता सदस्यको सदस्यता खोरेजि तथा निलम्बन गर्न सक्नेछ ।

४.१.३ मिलिजुली रुपका, सञ्जाल, दातृ वा राहत निकायहरु, राजनीतिक संगठन, सरकारी अंग र अन्तर्राष्ट्रिय संगठनहरु यसको सदस्य बन्न सक्ने छैनन् ।

## ४.२ दर्ता

यो संघ कानूनी संस्थाको रुपमा, दक्षिण एशियाको कुनै देश जसको कानूनी प्रकृया र व्यवहारिकता (जसलाई आयोजना गर्ने देशको रुपमा उल्लेख) संघ अनुकुल छ र सोही बमोजिम एक संगठनको रुपमा दर्ता हुनेछ र दक्षिण एसियाली क्षेत्रमा यौनिक तथा लैङ्गिक मुद्दाहरुमा काम गर्न एक अन्तर्राष्ट्रिय संगठनको रुपमा विस्तार गर्ने यसको उदेश्य हुनेछ । यस संगठनमा बैदेशिक सदस्यता (व्यक्ति र संगठन) हुन सक्ने प्रावधान हुनेछन् ।

## ४.३ सञ्चालक समिति

४.३.१ सुरुको सञ्चालक समितिमा सम्बन्धीत देशको कानुन वमोजिम सदस्यहरु रहनेछन् ( दर्ताका लागि कानूनी आवश्यकता अनुसार) सदस्यहरु मध्ये ३ जना कार्य दलबाट हुनेछन् र वाँकी सदस्य कार्य दलबाट नै चयन गरिने छ । यसरी चयन गर्दा कार्य दलले प्रस्ताव गरेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दामा काम गरेका वा सम्बन्धित कार्य अनुभव सहितका समर्थकहरु मध्येबाट लिइने छ । सुरुको सञ्चालक समितिले कार्य दलको परामर्शमा काम गर्ने छ । जसको विवरणहरु विधिवत एक ज्ञापन पत्र द्धारा औल्याईनेछ ।

४.३.२ छिटो भन्दा छिटो यो संघले एक बोर्डको गठन गर्नेछ जसमा सार्कले परिभाषित गरेका ८ दक्षिण एसियाली राष्ट्रहरुका सदस्यहरु रहने छन्  (यस उप्रान्त यसलाई पूर्ण बोर्ड भानिने छ ।

हाल यसमा ५ राष्ट्रहरु (नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका) मात्र रहेकाले अन्य ३ देशहरु (अफगानिस्तान, माल्दिभ्स र भुटान) बाट पनि सदस्य बनाउने प्रयास गरिने छ । बोर्डमा प्रत्येक देशबाट ३ जना प्रतिनिधिहरु रहने छन् । देशका प्रतिनिधिहरु सम्बन्धित देशका सदस्यहरुबाट नै निर्वाचित हुनेछन् ।

४.३.३ पूर्ण वोर्डमा प्रत्येक देशबाट एक पूरुष, एक महिला र एक तेश्रो लिङ्गी रहने छन् । यदि सम्बन्धित देशको निर्वाचनले उक्त ३ जना पठाउन नसकेमा पूर्ण वोर्डले माथि उल्लेख भए बमोजिम निष्पक्ष र पारदर्शी ढंगले मनोनित गरी उक्त स्थान पूर्ति गर्नेछ । यदि यो संभव नभएमा ती पदहरु अर्को चुनाव नभए सम्म रिक्त रहने छन् ।

४.३.४ पूर्ण वोर्ड गठन भए पछि सुरुको वोर्ड विघटन हुनेछ ।

४.३.५ पूर्ण बोर्डको पहिलो कार्यकालका लागि आधा सदस्यहरु २ बर्षका लागि र आधा सदस्यहरु ३ बर्षका लागि गोलाप्रथा बाट निर्धारण गरी पदासिन रहने छन् । त्यस पछिका सबै सदस्यहरु २ बर्षका लागि निर्वाचित हुने छन् । वोर्डको सदस्य दोश्रो कार्यकालका लागि पनि चुनावमा उठ्न सक्छ र त्यस पछि अर्को चुनावका लागि उम्मेद्वार हुन एक कार्यकाल बाहिर रहनु पर्ने छ ।

४.३.६ पहिलो पूर्ण वोर्डको निर्वाचन प्रक्रियाका लागि कार्यदल अन्तर्गत निर्वाचन उप समिति गठन गरी व्यबस्थापन गरिने छ ।

४.३.७ वोर्डका सदस्यले कार्यकाल समाप्त नहुदै राजीनामा दिएमा वा कुनै कारणले पदावधी पुरा गर्न नसक्ने भएमा वा महाअभियोग लागेमा, पूर्ण बोर्डले चुनाव गरी रिक्त स्थान पूर्ति गर्ने वा अर्को निर्वाचन सम्म पर्खने बारे निर्णय गर्नेछ । (कार्य दलको उपसमितिले महाअभियोगको कार्यविधि तयार गर्ने छ ।)

४.३.८ यस आयोगको बैठक बर्षमा कम्तिमा एक पटक बस्नेछ वा सम्बन्धीत देशको आवश्यकतामा बस्नेछ ।

## ४.४ कार्यकारी समिति

४.४.१ प्रत्येक देशबाट एक जना हुने गरी पूर्ण बोर्डको ५ सदस्य अन्तर्राष्ट्रिय बार्डबाट कार्यकारी समितिका लागि निर्वाचित हुनेछन् । हाल सार्कका अन्य देशहरुबाट प्रतिनिधित्व नभएको र यदि प्रतिनिधित्व भएमा यो संख्यालाई ८ सदस्य सम्म पुऱ्याइने छ ।

४.४.२ यो कार्यकारी समिति र संघको कार्य र सचिवालयलाई निर्देशन गर्ने कामका लागि उत्तरदायी हुनेछ ।

४.४.३ पूर्ण बोर्डले पदबहाल सदस्यहरु मध्येबाट एक अध्यक्ष, एक सचिव र एक कोषाध्यक्ष निर्वाचित गर्नेछ र उनीहरुमा संघको दर्ता सम्बन्धी कागजातहरुको कार्य पुरा गर्ने अख्यिार हुनेछ ।

४.४.४ कार्यकारी समितिले विद्युतिय माध्यमबाट वा व्यक्तिगत तवरले आवश्यकता अनुसार बैठक गर्नेछन् ।

४.४.५ गणपुरक संख्या र कार्य

सदस्यता बैठक, बोर्ड बैठक र कार्यकारी समितिको बैठकको र कार्य दलको बैठकको गणपुरक संख्या पुग्नका लागि सदस्यहरु मध्ये ५१% को उपस्थिति हुनु पर्नेछ । संघका सदस्यहरु, वोर्ड वा कार्यकारी समितिले कुनै कार्य गर्न गणपुरक संख्या पुगे पछि उपस्थित (विद्युतिय वा व्यक्तिगत) मध्येको ५१% ले पारित गर्नु पर्नेछ ।

### ४.५ सचिवालय

एक कार्यकारी निर्देशक, एक प्रशासकिय र वित्त प्रबन्धक, र राष्ट्रका अधिकृतहरु सहितको एक सचिवालय रहनेछ । कार्यकारी निर्देशकले आयोगको बोर्डका पदेन सदस्यको रुपमा काम गर्नेछ ।

## ५) कार्य दल

५.१ हाल कार्य दलमा नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाबाट सदस्यहरु रहका छन् ।

५.२ कार्य दलले हालसम्म संघको रणनीतिक योजनामा सहयोग गरेको छ । यसमा व्यक्तिका साथ साथै संगठनका प्रतिनिधिहरु रहन्छन् । श्रीलंका, पाकिस्तान, बंगलादेश र नेपालबाट बढीमा ३ सदस्य र भारतबाट बढीमा ६ सदस्य रहनेछन् । लैङ्गिक र क्षेत्रीय विविधताको प्रभावकारी सहभागीताको सुनिश्चितता गराउने मनसायले, प्रत्येक सहभागि राष्ट्रको कार्यदलमा कम्तिमा पनि एक तेस्रोलिङ्गी, एक महिला र एक पुरुष हुनु पर्नेछ ।

५.३ कार्य दलले यसको सदस्य हुनका लागि निम्न योग्यता निर्धारण गरेको छः–

- संघको काम प्रति कटिबद्ध
- संघको काम गर्न समय भएको

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भित्रको हुनु पर्ने
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भित्र साथै दक्षिण एसियाको भौगोलिक क्षेत्र भित्र पनि विविधताको प्रतिनिधित्व गर्ने
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दाका कार्यकर्ताको रुपमा व्यक्तिगत रुपमा चिनिएको वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मुद्दामा काम गर्ने भनी चिनिएको संगठनको एक अंगको रुपमा रहेको
- मानवअधिकारको बृहत्तर मुद्दा र दक्षिण एसियाको संरचना बुझेको
- स्थानिय यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अनुभव र विश्वसनियता भएको ।

५.४ **कार्यकाल/अवधी**

आयोगको पूर्ण बोर्ड निर्वाचित नभए सम्म कार्यदल रहिरहने छ । त्यस पछि निरन्तरता र समर्थनका लागि आवश्यक परेमा एक बर्ष सम्म पहिलो पूर्ण बोर्डको रुपमा कार्य दल रहने छ ।

५.५ कार्य दलका सदस्यहरु पूर्ण वोर्डको निर्वाचनका लागि हुने निर्वाचन बोर्ड उपसमितिको कार्य सुपरिबेक्षण गर्न ग्राह्य हुने छैनन् ।

५.६ **प्रतिस्थापना वा नयाँ कार्यदल सदस्यको नियुक्ति**

प्रतिस्थापना वा नयाँ कार्यदल सदस्यको नियुक्ति सम्बन्धमा माथिको बुदा नं ५.२ र ५.३ बमोजिम सम्बन्धित सहभागी राष्ट्रका कार्यदल सदस्यले निर्णय गर्नेछन् ।

## ६. राष्ट्र स्तरीय संचालन समिति

६.१ साहराको अन्तरिम समयसम्म हेर्दा दर्ता अझै अपूर्ण छ र राष्ट्र विशेष कार्य योजनामा सहजिकरण गर्नका लागि राष्ट्रिय तहमा प्रत्येक सहभागी राष्ट्रहरुमा संचालन समिति रहनेछ ।

६.२ यी संचालन समितिमा सम्बन्धित राष्ट्रको विध्यमान कार्यदल सदस्यहरु लगायत समान संख्यामा देशका अरु भागबाट पनि सदस्यहरु हुनु पर्नेछ ।

६.३ संचालन समिति सदस्य नियुक्ति वा प्रतिस्थापना गर्नका लागि सम्बन्धित सहभागी राष्ट्रको कार्यदल सदस्यले निर्णय गर्नेछ । यो निर्णय गर्नका लागि कायदल सदस्यलाई माथिको बुँदा नं ५.३ र लैङ्गिकता र क्षेत्रीय विविधताको प्रभावकारी प्रतिनिधित्वको सिद्धान्तले सहयोग पुऱ्याउनेछ ।

६.४ संचालन समिति सदस्यको कार्यकाल र पदावधि कार्यदलको सदस्यहरु पदावधी सकिए संगै सकिनेछ वा राष्ट्र विशेष कार्य योजनाको समाप्ति संगै सकिनेछ, वा जुन पहिले हुन्छ त्यहि संगै समाप्त हुनेछ ।